फोन नं. (Tel. No.) ०१-४४५१२४२ (01-4451242)
०१-४४५०३५६ (01-4450356)
०१-४४५२००० (01-4452000)

# कागेश्वरी-मनोहरा नगरपालिका
# KAGESHWORI-MANOHARA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
डाँछी, काठमाडौं, नेपाल (Danchhi, Kathmandu, Nepal)
बागमती प्रदेश (Bagmati Province)

मिति: २०७८/०१/३०

## प्रेस विज्ञप्ति

कागेश्वरी मनोहरा नगर कार्यपालिकाको मिति २०७८/०१/३० गते बिहीबार नगर प्रमुख श्री कृष्णहरि थापाज्यूको अध्यक्षतामा बसेको ६९ औ नगरकार्यपालिकाको बैठकबाट भएका निर्णय जानकारीको लागि यो विज्ञप्ति जारी गरिएको छ।

१. कागेश्वरी मनोहरा नगरपालिका भित्र तिब्र रुपमा बढेको कोरोना संक्रमण नियन्त्रणका लागि सबै वडाहरुमा रहेका टोल सुधार समिति, संघ संस्थाहरुलाई संक्रमितहरुको पहिचान गरी होम क्वारेन्टाइन/ आइसोलेसनमा सुरक्षित रुपमा बसेको छ छैन, निजको स्वास्थ्य अवस्था के कस्तो छ ? सम्बन्धित वडाका जनप्रतिनिधि, नगर उप-प्रमुख, नगर प्रमुख साथै स्वास्थ्य शाखालाई जानकारी गराउने ।

२. हाल नगरपालिकाले संचालनमा ल्याएको मुलपानी नगर अस्पतालमा Oxygen प्लान्ट लगायत ICU र भेन्टिलेटर सहितका उपचार कक्ष तत्काल निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने ।

३. कोरोना परिक्षण (Antigen/PCR) लाई प्रत्येक दिन आइतबार देखि शुक्रबार ११:०० बजे देखि ०२:०० बजे सम्म अर्को सूचना जारी नभएसम्म नियमितता दिने ।

४. उपत्यका भित्रका विभिन्न अस्पतालबाट Verocell चिनिया खोप (पहेलो खोपकार्ड) लगाउनु भएका यस नगरपालिका भित्र बसोबास गर्ने व्यक्तिहरुले नगरपालिकाको वडा नं. ९ मा रहेको गोठाटार स्वास्थ्य चौकीमा २०७८/०२/०२ देखि २०७८/०२/११ गते सम्म दोश्रो खोप लगाउने कार्यको व्यवस्थापन गर्ने ।

५. कागेश्वरी मनोहरा नगर अस्पतालमा जेष्ठ नागरिकहरुले लगाउनु भएको कोभिशिल्ड खोपका लागि हाल कहिले लगाउने जानकारी सम्बन्धित निकायबाट प्राप्त नभएको हुँदा जानकारी प्राप्त भएपछी सूचना जारी गर्ने ।

६. नगरपालिकामा रहेका विभिन्न शाखाहरु महिला तथा बालबालिका, प्रशासन र लेखाका आन्तरिक र अत्यावश्यक सेवा बाहेकका अन्य शाखाहरु जिल्ला प्रशासन कार्यालय, काठमाडौबाट जारी भएको निषेधाज्ञा अवधिभर बन्द रहने ।

७. नगरपालिका भित्र रहेका सम्पूर्ण स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, नगर अस्पतालमा स्वास्थ्य मापदण्ड अपनाई प्रभावकारी ढंगले नियमित रुपमा संचालन गर्ने ।

राजाराम पुडासैनी
नगर प्रवक्ता

"जनस्वास्थ्यका मापदण्डहरुको कडा रुपमा पालना गरौं, गराऔं र कोभिड संक्रमणबाट बचौं बचाऔं"